रु. ७६,००,००,०००/- (छहत्तर करोड रुपैंया) को ३०% अर्थात २२,८०,००,००० (बाइस करोड असी लाख) रकम बराबरको रु. १०० अंकित दरका कुल २२,८०,००० (बाइस लाख असी हजार) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरण मार्फत जारी पूँजीको १०% अर्थात रु. ७,६०,००,०००/- (सात करोड साठी लाख रुपैंया) रकम बराबरको रु. १०० अंकित दरका ७,६०,००० कित्ता साधारण शेयरहरु मध्ये अति प्रभावित क्षेत्र (दोलखा जिल्लाको गौरी शंकर गाँउपालिकाको वडा नं. ५ र ६) को लागि ३०४,००० कित्ता, प्रभावित क्षेत्र (दोलखा जिल्लाको गौरी शंकर गाँउपालिकाको वडा नं. १,२,३,४,७, ८ र ९) को लागि ३,४२,००० कित्ता र सामान्य प्रभावित क्षेत्र (दोलखा जिल्लाको बिगु गाँउपालिकाका सम्पूर्ण वडाहरु) को लागि १,१४,००० कित्ता शेयर धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिनेछ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु. १,५२,००,०००/- (एक करोड बाउन्न लाख) रकम बराबरको रु. १००/- अंकित दरका १,५२,००० (एक लाख बाउन्न हजार) कित्ता शेयरहरु नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४, दफा ४ख को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि	बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता	दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता
दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्या: १०,००० कित्ता	दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्या: ५०,००० कित्ता

क्रेडिट रेटिङ सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ संस्था केयर रेटिङ नेपाल लिमिटेडबाट इस्यूर रेटिङ गराई "[CARE-NP BB (Is) [Double B (Issuer)]" रेटिङ प्राप्त गरेको छ । "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दाहित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate risk of default regarding timely servicing of financial Obligations" रहेका जनाउँदछ । केयर रेटिङ नेपाल लिमिटेडले NP AAA(Is) b]lv CARE-NP D (Is) सम्मको रेटिङ प्रदान गर्दछ जसमा CARER-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARER-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ । क्रेडिट रेटिङ प्रदान गरेको मिति: २०७९ भाद्र २८ बहाल रहने अवधि २०८० भाद्र २७

लगानीकर्ताहरुले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिँदा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

Makar Jitumaya Suri Hydropower

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, **Email:** mjs.hydropower2065@gmail.com

को

आव्हान-पत्र

यो विवरण-पत्र नभई केबल आव्हान-पत्र मात्र हो ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयर बिक्रि खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति	२०७९/१०/१५ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा):	२०७९/१०/२९ गते (बैंकिङ समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा):	२०७९/११/१५ गते (बैंकिङ समय पश्चात)सम्म

बैदेशिक रोजगारीमा रहेका नेपालिहरुका लागि साधारण शेयर बिक्रि खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति	२०७९/१०/१५ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा):	२०७९/१०/२९ गते (बैंकिङ समय पश्चात्) सम्म

दरखास्त साथप्रति शेयरको अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।

प्रति मेगावाट लागत सम्बन्धि विवरण:
कम्पनीले प्रवर्धन गरिरहेको सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत सहित प्रति मे.वा. रु.१९,२३,४५,५७१/- छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत सहित प्रति मे.वा. रु १८,५०,००,०००/- छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:
सुरी खोला जलविद्युत आयोजनाको (६.४ मे.वा.) विद्युत उत्पादन अनुमती पत्र बहाल रहने अवधि मिति २०७२/०२/२४ देखि २१०७/०२/२३ गते सम्म रहेको ले २७ वर्ष ८ महिना बाँकी रहेको छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको (७.० मे.वा.) विद्युत उत्पादन अनुमती पत्र बहाल रहने अवधि मिति २०७६/०४/१५ देखि २१११/०४/१४ गते सम्म रहेको ले ३१ वर्ष १० महिना बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :
सुरी खोला जलविद्युत आयोजनाको आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.१५ वर्ष र Discounted Pay Back Period १७.३७ वर्ष र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको लगानी फिर्ता हुने अवधि क्ष्कुभि एबय द्यबअप एभचष्यम ८.४४ वर्ष र Discounted Pay Back Period १२.९५ वषरहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरण :
सुरी खोला जलविद्युत आयोजनाका (Interest During Construction (IDC) सहित रु.१,३४,६४,१९,०००/- रहेको छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु.१,२९,५०,००,००० /- रहेको छ ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ:

विवरण	वास्तविक				प्रक्षेपित		
	सुरी खोला हाईड्रोपावर लि.	मकर जितुमाया हाईड्रोपावर प्रा. लि.*	मकर जितुमाया हाईड्रोपावर प्रा. लि.*		मकर जितुमाया हाईड्रोपावर प्रा. लि.*		
	२०७६/७७	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
प्रति शेयर नेटवर्थ रु.	६७.०५	७९.११	८१.६३	९२.७१	९५.२८	११०.३२	१२७.८०
प्रति शेयर आम्दानी रु.	(५.२५)	(३.७)	(४.१३)	(३.८०)	०.३९	१५.०४	१७.४८
संचित नाफा नोक्सान (रु हजार)	(२५,८६५)	(२४,५९४)	(६२,५९८)	(३८,८०१)	(३५,८६४)	७८,४१६	२,११,२८८

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृति भएको मिति २०७९/०९/०८, तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०९/१३ गते ।

१. कम्पनीको नाम :

मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड (Makar Jitumaya Suri Hydropower Limited)

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:

कम्पनी ऐन, २०६३ अर्न्तगत स्थापित

३. संस्थाको रजिष्टर्ड ठेगाना:

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं ११ त्रिपुरेश्वरमा रहेको छ । आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकता अनुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

४. जलविद्युत केन्द्र :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र सुरी खोला जलविद्युत आयोजना र माथिल्लो सुरी खोला जलविद्युत आयोजना दोलखा जिल्लाको गौरीशंकर गाँउपालिका वडा नं. ५ र ६ मा रहेका छन् ।

५. कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले निजी क्षेत्रका उद्यमीहरु मिलेर यस मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड (साविकको सुरिखोला हाइड्रोपावर लिमिटेड र मकर जितुमाया हाइड्रोपावर प्रा. लि.) कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल मसिर १७ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएकोमा साविकको सुरिखोला हाइड्रोपावर प्रा. लि. मिति २०७५ असार १८ गते प्राइभेट लिमिटेड बाट पब्लिक लिमिटेड मा परिणत भई कम्पनीको नियमित कार्य गर्दै आएकोमा दुवै कम्पनीले २०७७/१०/१९ मा एक आपसमा गाभ्ने र गाभिने सम्बन्धी प्रारम्भिक सम्झौता सम्पन्न गरि मिति २०७७/११/०९ गतेको सुरिखोला हाइड्रोपावर लिमिटेड र मकर जितुमाया हाइड्रोपावर प्रा. लि. को विशेष साधारण सभाबाट दुवै कम्पनि एक आपसमा गाभ्ने/गाभिने निर्णय गरि दुवै कम्पनि २०७७/११/१४ गते कम्पनी गाभ्ने/गाभिन सम्बन्धमा अन्तिम सम्झौता सम्पन्न गरि सोहि अनुसार विभिन्न नियमनकारी निकायहरुमा प्रकिया अगाडी बढाउदा मिति २०७८/०१/०५ गतेको विद्युत नियमन आयोगको सहमति पत्र प्राप्त गरेको साथै मिति २०७८/०२/१९ मा विद्युत विकास विभागबाट गाभ्ने/गाभिन कार्यको लागी सहमती प्रदान गरेको, मिति २०७८/०३/२३ मा उद्योग विभागबाट दुवै कम्पनी एक आपसमा गाभ्न सैद्धान्तिक सहमति प्रदान गरेपश्चात मिति २०७८/०३ /३१ मा कम्पनि रजिस्ट्रारको कार्यालयबाट दुवै कम्पनी एक आपसमा गाभ्ने/गाभिनको लागि स्वीकृति, दुवै कम्पनी एक आपसमा गाभिई पश्चातको कम्पनीको नाम "मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड" कायम गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन अभिलेख पश्चात मिति २०७८/०४/०१ गते देखि एकिकृत कारोबार गरि आजको दिन सम्म निरन्तर कम्पनीको उद्देश्य अनुसार कार्य गर्दै आएको छ । कम्पनीले आफ्नो आयोजनाहरुबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा ७ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका सुरिखोला जलविद्युत आयोजनाबाट ७ मेगावाट र माथिल्लो सुरिखोला जलविद्युत आयोजनाबाट ७ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७२/०२/२४ र २०७६/०४/१५ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न सम्झौता बमोजिम मिति २०७२/०२/२०, २०७५/०४/१० मा क्रमश सुरिखोला जलविद्युत आयोजना (६.४ मे.वा.) र माथिल्लो सुरिखोला जलविद्युत आयोजना बाट (७ मेगावाट) विद्युत खरिद बिक्री सम्झौता (PPA) गरेपश्चात सुरिखोला जलविद्युत आयोजना (६.४ मे.वा.) को मिति २०७९/०१/१८ गते देखि विद्युतको व्यापारिक उत्पादन शुरु भैसकेको साथै माथिल्लो सुरिखोला जलविद्युत आयोजना (७ मेगावाट) को व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७९ चैत्र ३० गते (तदनुसार अप्रिल १३, २०२३) रहेको छ ।

५. कम्पनीले निर्माण गरेको सुरी खोला जलविद्युत आयोजना र माथिल्लो सुरी खोला जलविद्युत आयोजना बाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच क्रमश मिति २०७२/०२/२० र २०७५/४/१० मा विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ ।

६. सुरी खोला जलविद्युत आयोजना (७ मे.वा.) को मिति २०७२/०२/२४ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७१/७२ वि.उ. १३४) प्राप्त भएको हो र उक्त अनुमतिपत्र २१०७/०२/२३ गते सम्म रहेको २७ वर्ष ८ महिना बाँकी छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजना (७ मे.वा.) को मिति २०७६/०४/१५ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७ वि.उ. २६८) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१११/०४/१४ गते सम्म बहाल रहेको ले ३१ वर्ष १० महिना बाँकी छ ।

७. सुरी खोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.१,३४,६४,१९,०००/- भएको र प्रति मेगावाट लागत (Interest During Construction (IDC) सहित रु.२१,०३,३१,०९३/- रहेको छ साथै सुरिखोला जलविद्युत परियोजना (६.४ मे वा) को मिति २०७९ वैशाख १८ गते मध्यान्ह १२ बजे देखि नेपाल विद्युत प्राधिकरणले सम्पूर्ण परिक्षण समाप्त पश्चात व्यापारिक उत्पादन शुरु मिति निर्धारण गरी हाल सम्झौता बमोजिम उत्पादन भएको विद्युतको नेपाल विद्युत प्राधिकरणबाट बिल भुक्तानी भैरहेको साथै माथिल्लो सुरी खोला जलविद्युत आयोजना (७ मे.वा.) निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.१,२९,५०,००,०००/- हुने र प्रति मेगावाट ब्याज सहित औसत लागत (Interest During Construction-IDC) सहित रु. १८,५०,००,०००/- हुने अनुमान रही उक्त आयोजनाको हाल सम्म करीब ६४ प्रतिशत भौतिक कार्य सम्पन्न भैसकेको छ ।

८. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको सुरी खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको साथै माथिल्लो सुरी खोला जलविद्युत आयोजना (७ मे.वा.) निर्माणधीन अवस्थामा रहेको छ ।

६. आयोजनाहरुको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ:

सि.नं.	विवरण	सुरी खोला जलविद्युत आयोजना	माथिल्लो सुरी खोला जलविद्युत आयोजना
१	आयोजना स्थल	गौरीशंकर गाउँपालिका, दोलखा जिल्ला (साविक चंखु र सुरी गा.वि.स)	गौरीशंकर गाउँपालिका, दोलखा जिल्ला
२	श्रोत नदी	सुरी खोला	हलाक र कोलुङ खोला
३	आयोजनाको किसिम	रन अफ रिभर	रन अफ रिभर
४	डिजाइन डिस्चार्ज	३.०७५ घन मिटर प्रति सेकेण्ड	१.६७८ घन मिटर प्रति सेकेण्ड
५	उत्पादन हुने इनर्जी	३२.८५० (Gwh)	४१.३६ (Gwh)
६	आयोजनाको उत्पादन क्षमता	६.४ मेगावाट	७ मेगावाट
७	ग्रस हेड	२८२ मिटर	४१९.५ मिटर
८	डाइभर्सन बाँध	लम्बाई १६.७५ मिटर, उचाई २ मिटर	लम्बाई २५ मिटर, उचाई २.५ मिटर, चौडाई मिटर
९	डिस्याण्डीङ बेसिन	मिटर ४३ लम्बाई ५ मिटर चौडाई ६.७७ उचाई	मिटर ३६ लम्बाई ६ मिटर चौडाई २.५ मिटर उचाई (हुलाक खोला) मिटर १६ लम्बाई ४ मिटर चौडाई २.३३ मिटर उचाई (कोलुङ खोला)
१०	पेनस्टक	लम्बाई ३३८४ मिटर, व्यास १.३० भएको र ६ एमएम देखि २२ एमएमसम्म का ५२ वटा	लम्बाई ८१० मिटर, व्यास १ भएको र ६ एमएम देखि २६ एमएमसम्म का १४ वटा
११	पावरहाउस	लम्बाई २७.८२ मिटर, चौडाई १६.२४ मिटर, उचाई १२ मिटर	लम्बाई २७.८२ मिटर, चौडाई १६.२४ मिटर, उचाई १२ मिटर
१२	टर्बाइन	संख्या २, प्रति टर्बाइन आउटपुट ३७०० KW	संख्या २, प्रति टर्बाइन आउटपुट ३५०० KW
१३	जेनेरेटर	४३७५ KVA Per Unit (Two Unit)	४००० KVA Per Unit (Two Unit)
१४	आयोजनाको हालको लागत	रु.१,३४,६४,१९,०००/- (ब्याज समेत)	रु.१,२९,५०,००,०००/- (अनुमातीत लागत ब्याज समेत)
१५	विद्युत प्रसारण लाइन	यस परियोजनाको विद्युत प्रसारण लाइन परियोजनाको स्विचयार्ड देखि सिंगटी सब स्टेसन सम्म जम्मा ६.९ कि मि रहेको साथै उक्त प्रसारण लाइनको निर्माण कार्य सम्पन भइ सकेको ।	यस परियोजनाको विद्युत प्रसारण लाइन परियोजनाको स्विचयार्ड देखि सुरीखोला जलविद्युत परियोजनाको स्विचयार्ड सम्म ४ कि मि र सिंगटी सब स्टेसन सम्म जम्मा ६.९ कि मि गरि परियोजनाको स्विचयार्ड देखि जम्मा १०.९ कि मि रहेको साथै उक्त प्रसारण लाइनको निर्माण कार्य सम्पन गरिने

दुईवटा नै जलविद्युत आयोजनाको संयूक्त हिसाब:
व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.९१ वर्ष र (Discounted Pay Back Period) १३.१५ वर्ष र Internal Rate of Return १२.११ प्रतिशत र ८ प्रतिशत Discount Rate लिंदा Net Present Value (NPV) रु.११,४७,४५२/- रहेको छ । नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको बत्तीसौ बर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

रकम रु. हजारमा

Year	Revenue	PMC & Insurance	Administration	Royalty	Depreciation + Amortization	Interest Cost	Replacement Cost	Employee Bonus	Profit Before Tax	Tax	Profit After Tax	FCFF
०	-	-	-	-	-	-	-	-	-	-	-	(२,६४१,४१९)
१	२४,१२१	१,९५२	१०,७१४	-	११,८८७	२०,८११	-	-	(२०,२४३)	-	(२०,२४३)	१२,४५५
२	१७८,२२०	६,५९३	१२,८५७	४,२०४	४२,६३६	१०९,०७४	-	-	२,९३६	-	२,९३६	१५४,६४६
३	४२६,६३१	१४,३१२	१५,७९३	९,८७३	८५,८०२	१८४,२८५	-	२,२८६	११४,२८१	-	११४,२८१	३८४,३६८
४	४३९,१७५	१४,४५६	१६,५८३	१०,१२३	८५,८०२	१७६,६८१	-	२,६५७	१३२,८७२	-	१३२,८७२	३९५,३५५
५	४५१,८८७	१४,६०४	१९,४६६	१०,३७८	८५,८०२	१६८,३१६	१०,६५१	२,७९७	१३९,८७२	-	१३९,८७२	३९३,९९०
६	४६५,२८६	१४,७५७	२०,४४०	१०,६३६	८५,८०२	१५९,११५	-	३,४०३	१७०,१४४	-	१७०,१४४	४१५,०६१
७	४७५,३५५	१४,९१४	२१,४६२	१०,८४७	८५,८०२	१४८,९९४	१०,०००	३,५९५	१७९,७४१	-	१७९,७४१	४१४,५३८
८	४८२,५०३	१५,०७६	२२,५३५	१०,९९०	८५,८०२	१३७,८६१	-	४,१२२	२०६,११६	-	२०६,११६	४२९,७७९
९	४८९,६५०	१५,२४३	२३,६६१	११,१३३	८५,८०२	१२५,६१४	-	४,४७४	२२३,७२१	-	२२३,७२१	४३५,१३८
१०	४९७,०८०	१५,४१५	२४,८४५	११,२८२	८५,८०२	११२,१४३	२१,३०३	४,४३७	२२१,८५४	-	२२१,८५४	४१९,७९९
११	५०४,३५५	१५,५९२	२६,०८७	११,४२७	८५,८०२	९७,३२४	-	४,७४६	२३७,३७७	-	२३७,३७७	४४६,५०३
१२	५०४,३५५	१५,७७५	२७,३९१	११,४२७	८५,८०२	८१,०२४	२०,०००	४,६५४	२३८,२८२	८,५१६	२२९,७६६	४१६,५९३
१३	५०४,३५५	१५,९६२	२८,७६१	११,४२७	८५,८०२	६३,०९४	-	५,२९७	२६४,०११	२९,४०१	२३४,६१०	४१३,५०६
१४	५०४,३५५	१६,१५६	३०,१९९	११,४२७	८५,८०२	४३,३७१	-	५,६६८	३११,७८२	३१,१७८	२८०,६०४	४०९,७७७
१५	५०४,३५५	१६,३५५	३१,२४०	११,४२७	८५,८०२	२१,६७५	३१,९५४	६,४१४	३००,४८६	३०,०४९	२७०,४३८	३७७,९१५
१६	५०४,३५५	१६,५६१	३२,३२०	३३,४४४	८५,८०२	११,०१९	-	६,१२१	३२०,०८८	३२,००९	२८८,०७९	३८४,९००
१७	५०४,३५५	१६,७७२	३३,४३९	३३,४४४	८५,८०२	-	३०,०००	४,८०२	३००,०९६	४०,८३१	२५९,२६४	३४५,०६७
१८	५०४,३५५	१६,९९०	३४,६००	३३,४४४	८५,८०२	-	-	६,३२२	३२८,२६७	६५,६५३	२६२,६१३	३४८,४१६
१९	५०४,३५५	१७,२१४	३५,८०३	३३,४४४	८५,८०२	-	-	६,२३०	३२६,८६२	६५,३७२	२६१,४९०	३४७,२९२
२०	५०४,३५५	१७,४४५	३७,०५०	३३,४४४	८५,८०२	-	४२,६०५	५,३३६	२८३,४७२	५६,६९४	२२६,७७८	३१२,५८०
२१	५०४,३५५	१७,६८३	३८,३४४	३३,४४४	८५,८०२	-	-	६,१८२	३२३,८९९	६४,७८०	२५९,१२०	३४४,९२२
२२	५०४,३५५	१७,९२८	३९,६८५	३३,४४४	८५,८०२	-	४०,०००	५,३२७	२८२,९६८	५६,५९४	२२६,३७४	३१२,१७७
२३	५०४,३५५	१८,१८१	४१,०७६	३३,४४४	८५,८०२	-	-	६,१३२	३२०,७२०	६४,१४४	२५६,५७६	३४२,३७९
२४	५०४,३५५	१८,४४१	४२,५१९	३३,४४४	८५,८०२	-	-	६,१०५	३१९,०४४	६३,८०९	२५५,२३५	३४१,०३८
२५	५०४,३५५	१८,७०९	४४,०१६	३३,४४४	८५,८०२	-	४२,६०५	५,४०६	२७५,३७३	५५,०७५	२२०,२९८	३०६,१०१
२६	५०४,३५५	१८,९८५	४५,५६८	३३,४४४	८५,८०२	-	-	६,०४८	३१५,५०७	६३,१०१	२५२,४०६	३३८,२०८
२७	५०४,३५५	१९,२६९	४७,१७९	३३,४४४	८५,८०२	-	४०,०००	५,३८८	२७४,२७२	५४,८५४	२१९,४१८	३०५,२२०
२८	५०४,३५५	१९,५६२	४८,८५१	३३,४४४	८५,८०२	-	-	५,९८७	३११,७०९	६२,३४२	२४९,३६७	३३५,१७०
२९	५०४,३५५	१९,८६३	५०,५८५	३३,४४४	८५,८०२	-	-	५,९५५	३०९,७०५	६१,९४१	२४७,७६४	३३३,५६७
३०	५०४,३५५	२०,१७४	५२,३८५	३३,४४४	८५,८०२	-	-	५,९२२	३०७,६२८	६१,५२६	२४६,१०२	३३१,९०५
३१	४५४,९८०	१८,१९३	५४,२५३	६,७२३	७७,१४३	-	-	४,७३२	२९५,७०७	४९,१४७	२३६,५८९	३११,७३३
३२	३०१,१४८	१४,३१०	५६,१९१	६,७२३	४३,१६७	-	-	१९,६५२	१६१,१०५	३०,२११	१२०,८८४	१६४,०५०
											NPV	१,१४७,४५२
											IRR	१२.११%
											B/C Ratio	१.४७

सि.नं.	विवरण	सुरी खोला जलविद्युत आयोजना	माथिल्लो सुरी खोला जलविद्युत आयोजना	संयुक्त
१	Internal Rate of Return (IRR)	१०.१०%	१३.७८%	१२.११%
२	Net Present Value (NPV)	रु. २,५८,५६४	रु.८,८८,८८८	रु ११,४७,४५१
३	Pay Back Period (PBP)	९.१५ वर्ष	८.४४ वर्ष	९.९१ वर्ष
४	Discounted Pay Back Period (DPBP)	१७.३७ वर्ष	१२.९५ वर्ष	१३.१५ वर्ष
५	Total Cost	रु. १,३४,६४,१९,०००/-	रु.१,२९,५०,००,०००/-	रु. २,६४,१४,१९,०००/-
६	Per Mega Watt cost	रु. १९,२३,४५,५७१/-	रु.१८,५०,००,०००/-	रु. ३७,७३,४५,५७१/-

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्त विद्युत खरीद (बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्:

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।
- कन्ट्र्याक्ट इनर्जी ७ मे.वा. र ७ मे.वा को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैया चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई नेपाल विद्युत प्राधिकरणले भुक्तानी गर्नेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मंसीर सम्म) (रु. प्रति युनिट)	कैफियत
पहिलो महिना देखि १२ औं महिना सम्म	८.४०	४.८०	दुवै परियोजना
१३ औं महिना देखि २४ औं महिना सम्म	८.६५	४.९४	दुवै परियोजना
२५ औं महिना देखि ३६ औं महिना सम्म	८.९०	५.०९	दुवै परियोजना
३७ औं महिना देखि ४८ औं महिना सम्म	९.१६	५.२३	दुवै परियोजना
४९ औं महिना देखि ६० औं महिना सम्म	९.४१	५.३८	दुवै परियोजना
६१ औं महिना देखि ७२ औं महिना सम्म	९.६६	५.५२	दुवै परियोजना
७३ औं महिना देखि ८४ औं महिना सम्म	९.९१	५.६६	माथिल्लो सुरी खोला जलविद्युत आयोजन
८५ औं महिनादेखि ९६ औं महिना सम्म	१०.१६	५.८१	माथिल्लो सुरी खोला जलविद्युत आयोजन
९७ औं महिनादेखि सम्झौता अवधि सम्म	१०.४२	५.९५	माथिल्लो सुरी खोला जलविद्युत आयोजन

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिईनेछ:

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ मूल्यवृद्धि दिईने छैन ।

नेपाल विद्युत प्राधिकरणले Dispach Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसाबले कम्पनीले बिलिङ गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ:-

(क) नेपाल राज्यभर बहने खोला नदिनालाबाट प्राविधिक सम्भाव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना तथा परियोजना सम्भाव्यता अध्ययन गराई विद्युत उत्पादन गर्ने र उक्त कार्यको लागि नेपाल सरकार वा सम्बन्धित निकायसंग समन्वय अनुमति वा ईजाजत प्राप्त गरी नेपाल सरकारका विभिन्न निकाय वा गैह्र सरकारी संस्था र स्वदेशी तथा विदेशी कम्पनी र व्यक्तिसंग सम्झौता गरी कार्य गर्ने ।
(ख) सरकारी अर्धसरकारी एवं निजि क्षेत्रलाई आवश्यकपर्ने ईन्जिनियरिङ तथा वातावरण सम्बन्धि योजना तर्जुमा, कार्यन्वयन तथा सुपरिवेक्षण नाप नक्साको ड्इङ डिजाइन तथा पूर्वाधार योजना सो संग सम्बन्धित भौगोलिक सूचना प्रणालीको विकास आदिसंग सम्बन्धित विषयहरमा राय सल्लाह परामर्श सेवाहरु उपलब्ध गराउने ।
(ग) सामान उद्देश्यहरु भएका कम्पनीहरुसंग मिलि कार्य गर्ने ।
(घ) नेपाल राज्यभर बहने खोला नालाबाट प्राविधिक सम्भाव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना गराई विद्युत उत्पादन तथा वितरण गर्ने ।

७. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको १०% शेयर अयोजना प्रभावित क्षेत्रका बासिन्दालाई तथा जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. २२,८०,००,०००/- शेयर पूँजी अयोजना प्रभावित क्षेत्रका बासिन्दा, बैदेशिक रोजगारीमा रहेका नेपालीहरु, सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु. ७६,००,००,०००/- पुर्याउन ।
२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।
४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन, बैंकबाट लिईएको कर्जा भुक्तानी तथा कम्पनीबाट आयोजना निर्माणको लागि रकम संकलन गर्न ।

८. पूँजी संरचना सम्बन्धी जानकारी :

- **अधिकृत पूँजी:** यस कम्पनीको अधिकृत पूँजी रु.७६,००,००,०००/- (छयत्तर करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ७६,००,००० (छयत्तर लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी:** यस कम्पनीको तत्काल जारी पूँजी रु ७६,००,००,०००/- (छयत्तर करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ७६,००,००,०००/- (छयत्तर करोड) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी:** यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु ५३,२०,००,०००/- (त्रिपन्न करोड बीस लाख) रहेको छ जसलाई रु.१००/(का दरले ५३,२०,००० (त्रिपन्न लाख बीस हजार) थान शेयरमा विभाजन गरिएको छ ।
यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्याइएको रु. २२,८०,००,०००/- (बाइस करोड असी लाख) रकम बराबरको रु.१००/- अंकित दरको २२,८०,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.७६,००,००,०००/- (छयत्तर करोड) हुनेछ ।

९. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) : :

समूह	विवरण	साधारण शेयर संख्या	पूँजी संरचना %	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५३,२०,०००	७०%	५३,२०,००,०००/-	शत प्रतिशत भुक्तानी भएको
ख	स्थानीय बासिन्दाहरु	७,६०,०००	१०%	७,६०,००,०००/-	निष्कासन पश्चात शत प्रतिशत भुक्तानी हुने
ग	सर्वसाधारण शेयरधनी (बैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत)	१५,२०,०००	२०%	१५,२०,००,०००/-	निष्कासन पश्चात शत प्रतिशत भुक्तानी हुने
	जम्मा	७६,००,०००	१००%	७६,००,००,०००	शत प्रतिशत

१०. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरण:

क्र.स.	शेयरवालाको नाम, थर तथा ठेगाना	पद	शेयर स्वामित्व	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	हिमाल गुरुङ गौरीशंकर गा.पा. वडा नं. ०५, सुरी दोलखा	संचालक	२०,३१,०३०	५५	नेपाली	स्नातक	जलविद्युत क्षेत्रमा बि.स. २०६४ देखि. हाल सम्म १५ वर्षको कार्यानुभव, अध्यक्षः सूरी खोला हाईड्रोपावर लि., मकर जितुमाया हाईड्रोपावर प्रा.लि., हिमाल ग्रुप अफ इनर्जी, हिमाल इनर्जी प्रा.ली., जि.टी.सनराईज हाईड्रोपावर कम्पनी, भिमेश्वर क्रसर उद्योग, सिल्भर स्टार सेभिङ एण्ड कोअपरेटिभ लि., डि-भ्याली रेष्टुरेष्ट
२	मालती गुरुङ गौरीशंकर गा.पा. वडा नं. ०६, चंखु दोलखा	संस्थापक	३७,८३०	४४	नेपाली	प्रविणता प्रमाणपत्र	जलविद्युत क्षेत्रमा बि.स. २०६६ देखि. हाल सम्म १३ वर्ष कार्यानुभव, संचालकः सूरी खोला हाइड्रोपावर लि., शेयर धनीः मकर जितुमाया सुरी हाइड्रोपावर.लि.
३	सरस्वती राई दिप्रुङ चुइचुम्मा गा.पा. वडा नं. ०६, योम्खा खोटाङ	संस्थापक	२,०२,०००	४५	नेपाली	स्नातकोत्तर	जलविद्युत क्षेत्रमा बि.स. २०६९ देखि. हाल सम्म १० वर्ष कार्यानुभव, संचालक- सूरी खोला हाईड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर लि.
४	चन्द्र बहादुर कार्की पोखरा महानगरपालिका वडा नं.१४, कास्की	संस्थापक	२,४२,६४०	६८	नेपाली	प्रविणता प्रमाणपत्र	जलविद्युत क्षेत्रमा बि.स. २०७० देखि. हाल सम्म ९ वर्ष कार्यानुभव, संचालक-सुरी खोला हाइड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर.लि.,भगवती हाईड्रो डेभलपमेण्ट कम्पनी, टास्क हाइड्रोपावर प्रा.लि..
५	Dolma Impact Fund I 35, Cybercity Ebene, Mauritius	संस्थापक	२६,०५,९००		नेपाली	लागु नहुने	प्राईभेट ईक्विटी सम्बन्धी कार्य गर्ने संस्था रही नेपालमा २०१७ देखि विभिन्न कम्पनीहरुमा ईक्विटीको रुपमा आवद्ध रहेको ।
६	वसुना कार्की गौरीशंकर गा.पा. वडा नं ५, दोलखा	संस्थापक	२,००,३००	३६	नेपाली	प्रविणता प्रमाणपत्र	जलविद्युत क्षेत्रमा बि.स. २०६६ देखि. हाल सम्म १३ वर्ष कार्यानुभव शेयर धनी: सूरी खोला हाईड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर लि.

सञ्चालकहरुको विवरण:

क्र.स.	नाम, ठेगाना	पद	शेयर स्वामित्व	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (पूर्व र हाल)
१	हिमाल गुरुङ का.म.न.पा-१, काठमाण्डौ	अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट)	२०,३१,०३०	५५	नेपाली	स्नातक	विद्युत उत्पादनको क्षेत्रमा प्रवेश गरी विभिन्न जलविद्युत आयोजनाहरुको निर्माण विकास कार्यमा समेत सक्रिय रुपमा संलग्न रहनु भएको तथा यस मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेडको अध्यक्ष	जलविद्युत क्षेत्रमा बि.स. २०६४ देखि. हाल सम्म १५ वर्षको कार्यानुभव, अध्यक्ष : सूरी खोला हाईड्रोपावर लि., मकर जितुमाया हाईड्रोपावर प्रा.लि., हिमाल ग्रुप अफ इनर्जी, हिमाल इनर्जी प्रा.ली., जि.टी.सनराईज हाईड्रोपावर कम्पनी, भिमेश्वर क्रसर उद्योग, सिल्भर स्टार सेभिङ एण्ड कोअपरेटिभ लि., डि-भ्याली रेष्टुरेष्ट
२	शब्द ज्ञवाली (प्रतिनिधि) डोल्मा इम्प्याक्ट फण्ड आइ (Dolma Impact Fund I - Ebene, Mauritiu)	संचालक (संस्थापक शेयरधनीको तर्फबाट)	२६,०५,९००	३६	नेपाली	स्नातकोत्तर	लगानी प्रवन्धक निर्देशक: डोल्मा इम्प्याक्ट फण्ड आइ	बि.स. २०६४ देखि . हाल सम्म देहायका विभिन्न कम्पनीहरुमा देहायका विभिन्न पदमा रहि काम गरेको लामो अनुभव रहेको छ । (J.M.Family Enterprise Florida, USA,-Summer Intern Beed Management, Kathmandu, Nepal-Associate Saraii Pvt Limited, Wirawilla, Sri Lanka-Founding Partner Center for Financial Inclusion, ACCION International USA-Consultant, Dolma Advisors Pvt -Investment Director)
३	सरस्वती राई दिप्रुङ चुइचुम्मा गा.पा. वडा नं. ०६, योम्खा खोटाङ	संचालक	२,०२,०००	४४	नेपाली	स्नातकोत्तर	जलविद्युत क्षेत्रमा १० वर्ष कार्यानुभव, संचालक (सुरी खोला हाईड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर प्रा.लि.	जलविद्युत क्षेत्रमा बि.स. २०६९ देखि . हाल सम्म १० वर्ष कार्यानुभव, संचालक (सुरी खोला हाईड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर .लि.
४	वसुना कार्की	संचालक	२,००,३००	३६	नेपाली	प्रविणता प्रमाणपत्र	जलविद्युत क्षेत्रमा बि.स. २०७० देखि हाल सम्म ९ वर्ष कार्यानुभव, संचालक सुरी खोला हाइड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर.लि., भगवती हाईड्रो डेभलपमेण्ट कम्पनी, टास्क हाईड्रोपावर प्रा.लि.	सो नभएको
५	चन्द्र बहादुर कार्की पोखरा महानगरपालिका वडा नं.१४, कास्की	संचालक	२,४२,६४०	६८	नेपाली	प्रविणता प्रमाणपत्र	जलविद्युत क्षेत्रमा बि.स. २०७० देखि हाल सम्म ९ वर्ष कार्यानुभव, संचालक सुरी खोला हाइड्रोपावर लि., मकर जितुमाया सुरी हाइड्रोपावर.लि., भगवती हाईड्रो डेभलपमेण्ट कम्पनी, टास्क हाईड्रोपावर प्रा.लि..	सो नभएको
६	मित्र बहादुर श्रेष्ठ गौरीशंकर गा.पा. वडा नं ८, दोलखा	स्वतन्त्र संचालक	-	५०	नेपाली	स्नातक	सो नभएको	सामाजिक कार्यमा संलग्नता रहेको ।

११. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:

क्र. स.	कर्मचारीको नाम	नियुक्ती मिति	पद	शैक्षिक योग्यता	अनुभव तथा हाल जिम्मेवारी	शेयर संख्या	अन्य संस्थामा लगानी शेयर संख्या
१	विकास खनाल नागार्जुन नगरपालिका ६, काठमाडौं	२०७८/०४/०१	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर, इन्जिनियरिङ	परियोजना प्रवन्धकः सुरीखोला जलविद्युत आयोजना; परियोजना प्रवन्धकः ए.डि.बि; परियोजना प्रवन्धकः तल्लोखहरे खोला आयोजना; परियोजना प्रवन्धकः सडक विभाग, दोलखा; परियोजना प्रवन्धकः मेलम्ची खानेपानी आयोजना; परियोजना प्रवन्धकः तामाकोशी जलविद्युत आयोजना	-	-
२	सरोज खनाल कलंकि, काठमाडौं	२०७५/०४/०१	परियोजना प्रवन्धक	स्नातकोत्तर, इन्जिनियरिङ	सिभिल इन्जिनियर: इ.आर.एम.सि; परियोजना प्रवन्धकः सुरीखोला जलविद्युत आयोजना; प्राविधिक सल्लाहकारः टक्सार पिकउवा जलविद्युत आयोजना; निवासी इन्जिनियरः सान्जेन जलविधुत आयोजना; परियोजना प्रवन्धकः शिव श्री जलविद्युत आयोजना	-	-
३	उमेश कुमार उपाध्याय किर्तिपुर, काठमाडौं	२०७५/०४/०१	वित्त प्रवन्धक	स्नातकोत्तर, व्यवस्थापन	वित्त प्रवन्धकः सुरिखोला आयोजन (६. ४ मे. वा.) माथिल्लो सुरिखोला जलविद्युत आयोजन (७.० मे. वा.); वित्त प्रवन्धकः याम्भलिङ जलविद्युत आयोजन; लेखा अधिकृतः सामाजिक विकास मञ्च (२००९ देखि २०१४)	-	-

१२. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

कम्पनीको नियमावलीको नियम २७ (२) र नियम ३१ (क) मा भएको व्यवस्था अनुसार यस कम्पनीमा एक (१) महिला संचालक सहित ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ

संस्थापक शेयरधनीहरुको तर्फबाट	५ (तीन) जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट	१ (एक) जना
स्वतन्त्र व्यवसायिक संचालक	१ (एक) जना

१३. संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :

यस कम्पनीको आ.व. २०७७/७८ को लेखापरिक्षकबाट लेखापरिक्षण गरिएको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ ।

वासलात (आषाढ ३२, २०७९)

पूँजी तथा दायित्व	आ.व.०७८/७९ (रु हजारमा)
शेयर पूँजी	५३२,०००
जगेडा तथा कोषहरु	(३८,८००)
तिर्न बाँकी कर्जा सापट	१,२४८,७०५
छोटो अवधीको कर्जा	०
अन्य वित्तिय दायित्व	०
व्यापारिक तथा अन्य तिर्नबाँकी	६०,४८३
अन्य चालु दायित्व	१२०,७६३
कुल पूँजी तथा दायित्व	**१,९३०,१४१**
सम्पत्ति	
नगद, बैंक/वित्तिय संस्थामा रहेको मौज्दात	९,५२८
माग तथा अन्य सूचनामा प्राप्त हुने रकम	०
सम्पत्ति, प्लान्ट र मेसिनरी	५,४५९
अमुर्त सम्पत्ति	१,२६७,६३०
निर्माणाधिन पूँजीगत सम्पत्ति	५६०,६०४
अन्य सम्पत्ति	५०,९५३
अन्य वित्तिय सम्पत्ति	३५,९३७
कुल सम्पत्ति	**१,९३०,१४१**

नाफा नोक्सान हिसाब (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९ सम्म)

पूँजी तथा दायित्व	आ.व.०७८/७९ (रु हजारमा)
विद्युत बिक्रि आम्दानी	२४,१२१
निर्माणवापतको निर्माणाधिन अवस्थामा लेखांकित खर्च (IFRIC 12 अर्न्तगत)	(७९७,४११)
अन्य आम्दानी	७९६,४६९
कुल आम्दानी	**२३,१७९**
कर्मचारी खर्च (कर्मचारी बोनस सहित)	(४,९३५)
ह्रास कट्टी र परिशोधन (Amortization)	(११,८८६)
अन्य सञ्चालन खर्च	(५,७७९)
कुल सञ्चालन आम्दानी	**५७९**
वित्तिय आम्दानी	१४
वित्त लागत	(२०,८११)
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**(२०,२१८)**
आयकर व्यवस्था	०
खुद नाफा/(नोक्सान)	**(२०,२१८)**

यस कम्पनी आ.व. २०७५/७६ (सुरी खोला हाईड्रोपावर लि. तथा मकर जितुमाया हाईड्रोपावर प्रा. लि.) को आ.व. २०७५/७६ को लेखापरिक्षबाट प्रमाणीत (मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड) र आ.व. २०७८/७९ को लेखा परिक्षक केबि चित्रकार एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट्सबाट प्रमाणीत वास्तविक वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

वासलात (रु हजारमा)

पूँजी तथा दायित्व	वास्तविक (रु हजारमा)					
	सुरी खोला हाईड्रोपावर लि		मकर जितुमाया हाईड्रोपावर प्रा लि		मकर जितुमाया सुरी हाईड्रोपावर लि	
	०७५/७६	०७६/७७	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९
शेयर पूँजी	७८,५००	७८,५००	११२,५५०	११७,७५०	३४०,७४७	५३२,०००
जगेडा तथा कोषहरु	(२१,७४२)	(२५,८६५)	(२०,२३९)	(२४,५९४)	(६२,५९८)	(३८,८००)
तिर्न बाँकी कर्जा सापट	४८,०००	४७८,११०	०	०	७७२,०७८	१,२४८,७०५
छोटो अवधीको कर्जा	०	०	०	०	०	०
अन्य वित्तिय दायित्व	१८,१९३	०	०	०	०	०
व्यापारिक तथा अन्य तिर्नबाँकी	१५७,६५४	१६,७४०	०	०	२१६,४४३	६०,४८३
अन्य चालु दायित्व	८५	१७९,११७	१,१०९	१४१	१३,८३६	१२०,७६३
कुल पूँजी तथा दायित्व	**२८०,६९०**	**७२६,६८२**	**९३,४२०**	**९३,२९७**	**१,२८०,५०५**	**१,९३०,१४१**
सम्पत्ति						
नगद, बैंक/वित्तिय संस्थामा रहेको मौज्दात	१७,९३५	१०,१८५	५६३	३०२	३०,११८	९,५२८
माग तथा अन्य सूचनामा प्राप्त हुने रकम	०	०	०	०	०	०
सम्पत्ति, प्लान्ट र मेसिनरी	४,३४०	३,६०६	०	०	२,२४६	५,४५९
अमुर्त सम्पत्ति	०	०	१,४६०	१,४६०	०	१,२६७,६३०
निर्माणाधिन पूँजीगत सम्पत्ति	२३१,६२२	६४०,३५८	६१,१४८	६१,४००	१,२०८,८७४	५६०,६०४
अन्य सम्पत्ति	२४,५५२	१,५९०	३०,२४९	३०,१०८	७,४३०	५०,९५३
अन्य वित्तिय सम्पत्ति	१५,२४१	७०,९४६	०	०	३०,५४१	३५,९३७
कुल सम्पत्ति	**२८०,६९०**	**७२६,६८२**	**९३,४२०**	**९३,२९७**	**१,२८०,५०५**	**१,९३०,१४१**

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु हजारमा)					
	सुरी खोला हाईड्रोपावर लि		मकर जितुमाया हाईड्रोपावर प्रा लि		मकर जितुमाया सुरी हाईड्रोपावर लि	
	०७५/७६	०७६/७७	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९
बिक्रि आम्दानी	१५४,२१२	४२१,७७६	०	०	५०५,१८०	२४,१२१
बिक्रिको खर्च	(१५४,२१२)	(४२१,७७६)	०	०	(५०५,१८०)	(७९७,४११)
अन्य आम्दानी	९६	३८१	०	०	२१४	७९६,४६९
मेटामोटी आम्दानी	**९६**	**३८१**	**०**	**०**	**२१४**	**२३,१७९**
व्यक्तिगत खर्च (कर्मचारी बोनस सहित)	(३,६८६)	(२,४९५)	(४,७८७)	(४,३५५)	(८,८०५)	(४,९३५)
ह्रास कट्टी र परिशोधन (Amortization)	(२३०)	(२३४)	०	०	(२१५)	(११,८८६)
अन्य सञ्चालन खर्च	(१,७१०)	(१,७७३)	०	०	(७,०४९)	(५,७७९)
कुल सञ्चालन आम्दानी	**(५,५३०)**	**(४,१२१)**	**(४,७८७)**	**(४,३५५)**	**(१५,९६५)**	**५७९**
वित्तिय आम्दानी	१,६००	१२४	०	०	८४	१४
वित्त लागत	(७०)	(२४)	०	०	०	(२०,८११)
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**(३,९६०)**	**(४,१२१)**	**(४,७८७)**	**(४,३५५)**	**(१५,०८१)**	(२०,२१८)
आयकर व्यवस्था	०	०	०	०	०	
खुद नाफा/(नोक्सान)	(३,९६०)	(४,१२१)	(४,७८७)	(४,३५५)	(१५,०८१)	**(२०,२१८)**

यस कम्पनीको आ.व. २०७९/८० को (असोज मसान्त, २०७९) वित्तीय विवरणहरु व्यवस्थापकबाट प्रमाणीत वित्तीय विवरण निम्न अनुसार रहेको छ ।

वासलात (असोज मसान्त, २०७९)

विवरण	अपरिष्कृत वित्तीय विवरण (रु.हजारमा) (असोज मसान्त, २०७९)
पूँजी तथा दायित्व	
शेयर पूँजी	५३२,०००
जगेडा तथा कोषहरु	(१६,६९८)
तिर्न बाँकी कर्जा सापट	१,५९२,५९७
छोटो अवधीको कर्जा	०
अन्य वित्तिय दायित्व	०
व्यापारिक तथा अन्य तिर्नबाँकी	५७,८६३
अन्य चालु दायित्व	३,८१८
कुल पूँजी तथा दायित्व	**२,१६९,५८०**
सम्पत्ति	
नगद, बैंक/वित्तिय संस्थामा रहेको मौज्दात	२५,१९५
माग तथा अन्य सूचनामा प्राप्त हुने रकम	०
सम्पत्ति, प्लान्ट र मेसिनरी	४,३६४
अमुर्त सम्पत्ति	१,२५६,६४४
निर्माणाधिन पूँजीगत सम्पत्ति	६२२,१६४
अन्य सम्पत्ति	२०४,७३८
अन्य वित्तिय सम्पत्ति	५६,४७५
कुल सम्पत्ति	**२,१६९,५८०**

नाफा नोक्सान हिसाब (असोज मसान्त, २०७९)

विवरण	अपरिष्कृत वित्तीय विवरण (रु.हजारमा) (आ.व.२०७८/७९)
निर्माणवापतको निर्माणाधिन अवस्थामा लेखाकित बिक्रि आम्दानी (IFRIC 12) अर्न्तगत	६१,५६२
विद्युत बिक्रीबाट आम्दानी	६८,८०२
बिक्रि आम्दानी	**१,२५,३६२**
बिक्रिको खर्च	(६२,८४५)
अन्य आम्दानी	२
मेटामोटी आम्दानी	**६२,५१९**
व्यक्तिगत खर्च (कर्मचारी बोनस सहित)	(१,८८३)
ह्रास कट्टी र परिशोधन (Amortization)	(१२,१२०)
अन्य सञ्चालन खर्च	(६३६)
कुल सञ्चालन आम्दानी	**४७,८८०**
वित्तिय आम्दानी	०
वित्त लागत	(२५,७७८)
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**२२,१०२**
आयकर व्यवस्था	०
खुद नाफा/(नोक्सान)	**२२,१०२**

कम्पनीको आगामी ३ आर्थिक वर्ष (आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२) को प्रक्षेपित वित्तीय देहाय बमोजिम रहेको छ :

वासलात (रु हजारमा)

पूँजी तथा दायित्व	प्रक्षेपित (रु हजारमा)		
	२०७९/८०	२०८०/८१	२०८१/८२
शेयर पूँजी	७६०,०००	७६०,०००	७६०,०००
जगेडा तथा कोषहरु	(३५,८६४)	७८,४१६	२११,२८८
तिर्न बाँकी कर्जा सापट	१,८४२,८४८	१,७६६,८०७	१,६८३,१६१
अन्य चालु दायित्व	०	२,२८७	२,६५९
Trade Payables	७,४४२	२,१३९	२,२२६
कुल पूँजी तथा दायित्व	२,५७४,४२६	२,६०९,६४७	२,६५९,३३२
सम्पत्ति	प्रक्षेपित		
	२०७८/७९	२०७९/८०	२०८०/८१
नगद, बैंक/वित्तिय संस्थामा रहेको मौज्दात	४४,३६४	१६५,११७	३००,३४३
माग तथा अन्य सूचनामा प्राप्त हुने रकम	९,२८५	९,५५६	९,८१७
सम्पत्ति, प्लान्ट र मेसिनरी	१,२९५,०००	०	०
अमुर्त सम्पत्ति	१,२२५,७७८	२,४३४,९७३	२,३४९,१७२
कुल सम्पत्ति	२,५७४,४२६	२,६०९,६४७	२,६५९,३३२

नाफा नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु हजारमा)		
	२०७९/८०	२०८०/८१	२०८१/८२
बिक्रि आम्दानी	१७८,२२०	४२६,६३१	४३९,१७५
बिक्रिको खर्च	(१०,७१७)	(२४,१८४)	(२४,५७९)
अन्य आम्दानी	०	०	०
कुल आम्दानी	**१६७,५०३**	**४०२,४४७**	**४१४,५९५**
कर्मचारी खर्च (कर्मचारी बोनस सहित)	(१२,८५७)	(१८,०७९)	(१९,२४०)
ह्रास कट्टी र परिशोधन (Amortization)	(४२,६३६)	(८५,८०२)	(८५,८०२)
अन्य सञ्चालन खर्च	०	०	०
कुल सञ्चालन आम्दानी	**११२,०१०**	**२९८,५६६**	**३०९,५५३**
वित्तिय आम्दानी	०	०	०
वित्त खर्च	(१०९,०७४)	(१८४,२८५)	(१७६,६८१)
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**२,९३६**	**११४,२८१**	**१३२,८७२**
आयकर व्यवस्था	०	०	०
खुद नाफा/(नोक्सान)	**२,९३६**	**११४,२८१**	**१३२,८७२**

१४. प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ ।

१. आम्दानी: यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्रि सम्झौतापत्रमा भएको प्रति एकाई लागत अनुसार गणना गरिएको छ ।
सुख्खा मौसम- रु.८.४० प्रति इकाई
भिजे मौसम- रु.४.८० प्रति इकाई
२. रोयल्टी खर्चः रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ:
क्षमता बमोजिम रोयल्टी: रु.१००/किलोवाट पहिलो १५ वर्षसम्म र रु.१०००/किलोवाट १५ वर्षपछि
आम्दानी बमोजिम रोयल्टी: बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म र बिलको राजश्वको १० प्रतिशत १५ वर्षपछि
रोयल्टीको खर्चहरुलाई NFRS बमोजिम बिक्रीको लागतमा समूहबद्ध
३. वित्तीय खर्चहरुः कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक १० प्रतिशतको दरले गणना गरिएको छ । ऋण कूल आयोजना खर्चको सत्तरी प्रतिशत रकम छ र ऋणको अवधि १५ वर्ष र ११ वर्ष मानिएको छ ।
४. कर्मचारीहरुको बोनसः बोनस ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ ।
६. आसामी रकमको गणना गर्दा अन्तिम एक महिनाको अवधिलाई आधार मानिएको छ ।
७. ह्रास कट्टी:
स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straight Line Method) अनुसार कट्टा गरिएको छ । जसअनुसार सम्पत्तिको जीवन अवधि निम्नानुसार कायम गरिएको छ:
जग्गा, भवन तथा उपकरण: प्रयोग गर्न सकिने अवधि अनुसार (आयोजना अवधि)
फर्निचर एण्ड फक्सचर: WDV को २५ प्रतिशत
सवारी साधन: WDV को २० प्रतिशत
अन्य सम्पत्ति: WDV को १५ प्रतिशत
८. अमूर्त सम्पत्तिहरुको परिशोधन:
परियोजनामा रहेका सम्पत्तिहरुलाई अमूर्त सम्पत्तिको रुपमा गणना गरिएको छ र ती सम्पत्तिहरुको जीवन Commercial Operation Date (COD) को मितिमा सुरुवात भएको मानि आयोजनाको अवधिभरमा परिशोधन गरिएको छ ।
९. स्थिर सम्पत्ति
कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ ।
१०. आयकर दर: यस कम्पनी आयकर ऐन, २०५८ दफा ११(३ घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकरमा पूर्ण छुट, सो पश्चात् ५ वर्षको लागि १० प्रतिशत आय कर र सो पश्चात् २० प्रतिशत आय कर लेखाङ्कन गरिएको छ ।
११. व्यापारीक उत्पादन सुरु हुने मिति:
सुरिखोला जलविद्युत आयोजना २०७९ वैशाख १८
माथिल्ला सुरिखोला जलविद्युत आयोजना २०७९ चैत्र ३० गते
१२. अन्य आधारहरु:
- कर्मचारी खर्चहरु ५ प्रतिशतका दरले वार्षिक रुपमा वृद्दि गरिएको छ ।
- कूल आयोजनाको लागतको ०.२७ प्रतिशत बिमा खर्च लेखाइन गरिएको छ ।
- आयोजनाको नियमित मर्मत सम्हार खर्च ५ प्रतिशतका दरले वार्षिक रुपमा वृद्दि गरिएको छ ।

१५. आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु

यस कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, सामूहिक लगानी कोष, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पुँजीको ७०% शेयर संस्थापक शेयरधनी तथा ३०% सर्वसाधारणहरु मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र २०% सर्वसाधारणहरु (कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आवेदन दिन सक्ने भएको हुँदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आवेदन दिन सक्ने छैनन् । उद्योग प्रभावित क्षेत्र कर्मचारीले यसरी कर्मचारीको हैसियतले आवेदन दिएमा त्यस्तो आवेदन रद्द हुनेछ साथै स्थानिय बासीन्दाहरुको लागी छुट्याईएको शेयरमा कुनै एक समुह/क्षेत्रमा कम आवेदन प्राप्त भएमा समानुपातीक रुपमा सो बराबरको शेयर अर्को समुह/क्षेत्रमा समायोजन गरी बाँडफाँड गरिनेछ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा:
उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु दोलखा जिल्ला अति प्रभावित क्षेत्र (गौरीशंकर गाँउपालिका वडा नं. ५ र ६) आयोजना प्रभावित क्षेत्रका (गौरीशंकर गाँउपालिका वडा नं. १,२,३,४,७,८ र ९) र सामान्य प्रभावित क्षेत्र (बिगु गा.पा.को सम्पूर्ण वडाहरु) स्थानीय बासिन्दाहरुले यस विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले भरी आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ । **२.** १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा निष्काशन कम्पनी तथा स्थानिय निकायको सिफारिस बमोजिम गरिनेछ । **३.** १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । **४.** विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ । **५.** आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ । ६. उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धितस्थानिय निकायको निर्णय सहितको सिफारिस पत्र । **७.** १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन । **८.** आमा-बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ । **९.** धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ । **१०.** आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्युनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ । **११.** एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ । **१२.** साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ । **१३.** उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् । **१४.** सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तिय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ । **१५.** रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ । **१६.** यस विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् । साथै स्थानिय बासिन्दा C-ASBA सदस्य भएको खण्डमा स्थानिय बासिन्दाले C-ASBA प्रणाली मार्फत समेत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । **१७.** रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वैच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा:
१.नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् । **२.** यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ । **३.** शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ । **४.** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई बैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् । **५.**निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । **६.** आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ । **७.** आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केंद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ । **८.** आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केंद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ । **९.** सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ । **१०.** रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ । **११.** रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ । **१२.** आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ:
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम । **ख.** आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना । **ग.** खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) । **घ.** खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) । **ङ.** आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम । छ. आवेदकको हितग्राही (डिम्याट खाता नम्बर **१३.** आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन । **१४.** आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ । **१५.** एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ । **१६.** धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ । **१७.** धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ । **१८.** शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँड परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ । **१९.** रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वैच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ । **२०.** वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्कासन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम ५०,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

१६. निष्काशन बैंक (Bankers to the Issue)

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) निम्न अनुसार रहेको छ ।

सि.नं	बैंकको नाम तथा शाखाको ठेगाना	खाताको नाम	खाता नं.	कैफियत
१	प्रभु बैंक लिमिटेड, कमलादी शाखा	प्रभु क्यापिटल लिमिटेड	१११००६३१८१६००११३	

१७. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान:

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
क.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल ; वेबसाइट : www.prabhucapital.com, फोन नं.: ०१-४१६९१००, ५९७०२००
ख.	**मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड, का.म.न.पा.-११, त्रिपुरेश्वर काठमाण्डौं** email: mjs.hydropower2065@gmail.com वेबसाइट: www.mjshydropower.com.np
ग.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइट, www.sebon.gov.np
सि.नं.	दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ ।
क.	**आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा:**
	१. प्रभु बैंक लिमिटेड, दोलखा शाखा । **२.** सेन्चुरी कमर्सियल बैंक लिमिटेड, चरिकोट, सिंगटी र जिरी शाखा । **३.** सुरी खोला जलविद्युत आयोजना स्थलको कार्यालय, दोलखा । **४.** माथिल्लो सुरी खोला जलविद्युत आयोजना स्थलको कार्यालय, दोलखा । **५.** प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ । **६.** लक्ष्मी बैंक लिमिटेड, चरिकोट शाखा तथा सुनखानी शाखा । **७.** प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् । आवश्यकता अनुसार अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैंया) शुल्क बुझाउनु पर्नेछ ।
ख.	**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु**
	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
ग.	**सर्वसाधारण शेयरधनीहरुको हकमा:**
	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आश्व I (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

१८. धितोपत्र बिक्री खुल्ला रहने अवधि:

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि र नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन्:
१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री उमेश कुमार उपाध्याय फोन नं.: ०१-४११७००८ तथा इमेल finance.suri2021@gmail.com
२. निष्कासन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री रामहरी खत्री-फोन नं.: ०१-४४१६९१०० (एक्स. ३०४) तथा इमेल: ramhari.khatri@prabhucapital.com



धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००
E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)